दुहुँ गाउँपालिका

# दुहुँ राजपत्र

खण्ड - २ संख्या - ८ मितिः २०७५।०६।१६

**भाग - २**

## उपाध्यक्ष युवा स्वरोजगारी कार्यक्रम कार्यान्वयन निर्देशीका २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति | २०७५।०६।०९ |

**उपाध्यक्ष युवा स्वरोजगारी कार्यक्रम कार्यान्वयन निर्देशीका २०७५**

दुहुँ गाँउपालिका भित्रका वेरोजगार युवाहरुलाई उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न गरी युवाहरुको उत्पादकत्व बृद्धी गर्ने, युवाहरुलाई दुहुँ गाँउपालिका भित्र उपलब्ध साधन स्रोतहरुको सदुपयोग गर्न प्रेरित गर्दै युवाहरुलाई श्रम र श्रृजनामा संलग्न गराउने उद्धेश्यले दुहुँ गाँउपालिकाले आ.व. २०७५/०७६ को वार्षिक कार्यक्रममा उपाध्यक्ष युवा स्वरोजगारी कार्यक्रम स्विकृत गरेको र सो कार्यक्रमलाई कार्यान्वयन गर्न स्थानिय सरकार संचालन ऐन २०७४ को नियम ११९ बमोजिम, दुहुँ गाँउ कार्यपालिकाको मिति २०७५ असौज ९ गते बसेको वैठक वाट स्विकृत गरी यो निर्देशीका लागु गरिएको छ ।

**परिच्छेद १**

१: संक्षिप्त नाम र प्रारम्भः

क) यस निर्देशीकाको नाम उपाध्यक्ष युवा स्वरोजगारी कार्यक्रम कार्यान्वयन निर्देशीका २०७५ रहेकोछ।

ख) यो निर्देशीका दुहुँ गाँउपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

२: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशीकामा :

क) युवा भन्नाले दुहुँ गाँउपालिका भित्र वसोवास गर्ने १८ वर्ष देखि ४५ वर्ष भित्रका महिला तथा पुरुषहरुलाई बुझ्नु पर्दछ ।

ख) व्यवसाय भन्नाले दुहुँ गाँउपालिका भित्र संचालन गरिएको लघु उद्यम, कृषि/पशु फार्म, पर्यटन व्यवसाय, लगायत अन्य व्यवसायहरु बुझ्नु पर्दछ ।

ग) स्वलगानी भन्नाले व्यवसाय गर्ने व्यक्तिले व्यवसायमा आफ्नो तर्फ वाट गरेको लगानी वुझ्नु पर्दछ।

घ) दर्ता प्रमाणपत्र भन्नाले उद्योग विकास समिति, गाँउपालिका वा अन्य निकायमा दर्ता भएको प्रमाणपत्र भन्ने वुझ्नु पर्दछ ।

ङ) व्यवसायिक प्रस्ताव भन्नाले यस कार्यक्रम मार्फत स्वरोजगारी व्यवसाय गर्न चाहने युवा व्यवसायीले यस निर्देशीकाको अनुसूची १ बमोजिम पेश गरेको व्यवसायिक प्रस्तावलाई वुझ्नु पर्दछ ।

**परिच्छेद २**

**३) युवा स्वरोजगारीका लागि व्यवसायिक प्रस्तावहरुको छनौट पकृयाः**

क) दुहुँ गाँउपालिकाले १५ दिने सार्वजनिक सूचना मार्फत अनुसूची बमोजिमको ढाँचा वमोजिमको व्यवसायिक प्रस्ताव पेश गर्न सार्वजनिक सूचना गर्नु पर्ने छ ।

ख) प्राप्त प्रस्तावहरुको छनौट समितिले छोटो सूची तयार गर्नु पर्नेछ ।

ग) अनुगमन प्रतिवेदन र तोकिएका मापदण्डको आधारमा छनोट समितिले व्यवसायी छनोट गर्नेछ ।

घ) छनौट समितिद्धारा सिफारीस भई आएका व्यवसायीहरुको अनुमोदन गाउँकार्यपालिकाको बैठकद्धारा

गरिनेछ ।

ङ) छनौट भएका प्रस्तावका प्रस्तावकहरुले आफ्नो व्यवसायको कार्ययोजना समेत पेश गरि प्रस्ताव छनौट भएको मितिले १५ दिन भित्र गाँउपालिकामा सम्झौता भर्नु पर्ने छ ।

## परिच्छेद ३

**४) व्यवसायिक प्रस्ताव छनौटका मापदण्डहरुः**

क) शिक्षित युवा वेरोजगारलाई प्राथमिकता दिइनेछ ।

ख) परिवारमा रोजगारी वा व्यवसायिक संलग्नता नभएको व्यक्तिलाई प्राथमिकता दिइने छ।

ग) प्रस्तावकले आफुले गर्ने व्यवसाय सुरु गरेको हुनु पर्ने छ ।

घ) व्यवसायमा स्वलगानी वढी गर्ने व्यवसायीलाई प्राथमिकता दिइने छ ।

ङ) स्थानिय सीप, साधन र प्रविधि प्रयोग गर्ने व्यवसायलाइ प्राथमिकता दिइने छ ।

च) आर्थिक रुपमा विपन्न प्रस्तावकलाइ प्राथमिकता दिइने छ ।

५) गाँउपालिका वाट व्यवसायीलाइ दिन सकिने सहयोगः गाँउकार्यपालिकाको वैठकले व्यवसायीलाई देहाय बमोजिमको सहयोग दिन सक्ने छ ।

क) नगद सहयोग ।

ख) प्राविधिक सहयोग ।

ग) सामग्री सहयोग ।

६) कुनै व्यवसायीले सम्झौतामा उल्लेख भए अनुसारको व्यवसाय संचालन नगरी सम्झौता उलंघन गरेमा गाँउपालिकाले आफुले गरेको लगानी सरकारी वाकि सरह वसुल  उपर गर्ने छ ।

७) स्वरोजगारी व्यवसायीहरु संग समन्वय र सहयोग गर्न गाँउपालिकाले फोकल पर्सन नियुक्त गर्ने छ ।

८) युवा स्वरोजगारी कार्यक्रमको छनौट तथा अनुगमन गर्न देहाय वमोजिमको अनुगमन समिति

रहनेछ ।

संयोजक                    गाउँपालिका उपाध्यक्ष

सदस्य प्रमुख प्रशासकिय अधिकृत

सदस्य अध्यक्ष द्वारा तोकिएको कार्यपालिका सदस्य

## अनुसूची १

## युवा स्वरोजगारी कार्यक्रम व्यवसायिक प्रस्ताव २०७५

प्रदेश नं. ७, दार्चुला जिल्ला, दुहुँ गाँउपालिका द्वारा संचालन गरिने युवा स्वरोजगारी कार्यक्रम मार्फत व्यवसाय संचालन गरी स्वरोजगारी सृजना गर्ने उद्धेश्यले यो व्यवसायिक प्रस्ताव पेश गरेको छु ।

१: व्यवसायीको नामः ............................ व्यवसायीको ठेगानाः .......................................

२: व्यवसायको किसिमः .......................... व्यवसाय गर्ने स्थानः ......................................

३: व्यवसायिक लगानीको साराशं:

| क.सं. | विवरण | एकाई | कुलपरिमाण | प्रतिएकाइ लागत | जम्मा लागत | स्वलगानी | गा.पा. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

४: व्यवसायिक प्रतिफलको प्रक्षेपण:

| क.सं. | उत्पादन विवरण | मासिकपरिमाण | वर्षिकपरिमाण | मासिकआय | वार्षिकआय | वजारक्षेत्र |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

आज्ञाले,

अमर महरा

प्रमुख प्रशासकीय अधिकृत